# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जसपुर प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

मो: ९८५७८३६००६
Website: www.mandavimun.gov.np
E-mail{ info@mandavimun.gov.np
mandavimun2073@gmail.com


## करार सेवामा रोजगार संयोजक पदपूर्ति गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८०/०७/२२**

माण्डवी गाउँपालिकाको निर्णय अनुसार यस गाउँपालिका अन्तर्गत रोजगार सेवा केन्द्रमा रिक्त रहेको रोजगार संयोजक पदमा खुल्ला प्रतियोगितात्मक लिखित परीक्षाद्वारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट देहाय बमोजिमका शर्तहरुको अधिनमा रही सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस गाउँ कार्यपालिकाको कार्यालयमा रितपुर्वक दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। दरखास्त फारम यस कार्यालयको वेबसाइट **www.mandavimun.gov.np** बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन।

तपशिल

**१. पदको विवरण**

| क्र स. | विज्ञापन नं. | पद | तह | पद संख्या | परीक्षा दस्तुर (रु.) |
|---|---|---|---|---|---|
| ०१ | ०६/०८०/८१ | रोजगार संयोजक | अधिकृत स्तर छैठौ | १ (एक) | १०००/- |

**२.आवश्यक न्युनतम योग्यता :**

क) नेपाल सरकारद्वारा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको।

ख) दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।

ग) भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने कुनै कारवाही नभएको।

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको।

ङ) आधारभूत कम्प्युटर सीप सम्बन्धि कम्तिमा ३ महिनाको तालिम प्राप्त गरेको।

**३. दरखास्त साथ संलग्न गर्नुपर्ने आवश्यक कागजात:**

क) नेपाली नागरिकताको प्रमाण पत्र,

ख) हालसालै खिचिएको पासपोर्ट साइजको ३ प्रति फोटो,

ग) न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्र र कम्प्युटर सीप तालिमको प्रमाण पत्र,

घ) उपलब्ध भएमा न्युनतम शैक्षिक योग्यताभन्दा माथिल्लो योग्यताको प्रमाण पत्र,

ङ) अनुभव भए सो को कागजात,

च) दरखास्त दस्तुर बुझाएको नगदी रसिद सहित उल्लेखित प्रमाण-पत्रका प्रतिलिपिहरू १ प्रति स्वयंम प्रमाणित गरि दरखास्त साथ यस गाउँपालिकाको कार्यालयमा पेश गर्न सकिनेछ।

**४. छनौटको किसिम**: रोजगार संयोजक पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड २०७६ को दफा ८, ९ र १० बमोजिम हुनेछ।

**५. दरखास्त दिने अन्तिम मिति**: २०८०/०८/०६ गते सम्म सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन।

**६.परीक्षा मिति :** प्रारम्भिक योग्यताक्रमको सुची संगै प्रकाशन गरिनेछ।

**७. सेवा सुविधा र अन्य :** रोजगार संयोजक पदपूर्ति तथा सेवा सुविधा सम्बन्धि मापदण्ड २०७६ बमोजिम हुनेछ।

**८. करार अवधि :**नियुक्ति भएको मितिबाट एक वर्ष। श्रोत सुनिश्चितताको आधारमा कार्य सम्पादन सन्तोषजनक भएमा करार सम्झौतालाई निरन्तरता दिन सकिनेछ।

**९. थप जानकारीको लागि सम्पर्क नं :**९८५७८३६००६ मा सम्पर्क गर्न सक्नुहुनेछ।

**१०.** माथि उल्लेखित बाहेकका विषय रोजगार संयोजक पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ र पदपूर्ति समितिले निर्धारण गरे बमोजिम हुनेछ।

२०८०/०७/२२

**प्रकाश पाण्डे**
**प्रमुख प्रशासकीय अधिकृत**